निर्णय नं १

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७५।३।२७ गतेको वैठकवाट स्वीकृत भई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशको चलानी नं २२ मिति २०७५।४।९ को पत्रसाथ प्राप्त भएको ढुंगा, गिटटी, वालुवा, उत्खनन, संकलन, कसिङ्ग र विकी वितरण तथा कसर उद्योग व्यवस्थापन र संचालन कार्यविधि २०७५ अनुसारको कायान्वयनको कममा सुन्दरवजार नगरकार्यपाकिाको कार्यालयवाट चलानी नं ०४ मिति २०७५।४।३ गतेका पत्रवाट सवै वडा कार्यालयहरुमा पत्राचार गरी ढुंगा, गिटटी, वालुवाको अनधिकृत उत्खनन, संकलन, ढुवानी र निकासीमा रोक लगाईए वमोजिम हाल सो अनुसार वडा वडा हरुवाट नियन्त्रणत्मक कार्य भई रहेको छ ।

तथापी कतिपय स्थानहरु वाट रातको समयमा अनधिकृत तवरवाट उक्त नदीजन्य प्राकृतिक स्रोतहरुको उत्खनन, संकलन, ढुवानी र निकासी भई रहेको भन्ने गुनासोहरु प्राप्त हुन आएको छ । यसरी प्राप्त हुन आएको गुनासोको सम्वन्धमा हेर्दा स्वीकृत कार्यविधि वमोजिम आ ई ई प्रतिवेदन तयार नगरी आय संकलनको ठेक्का पटटा वन्दोवस्त गर्न नसकिएको र हाल आई ई ई प्रतिवेदन तयार गर्ने कार्य भई रहेको छ । प्रकृया अनुसार आई ई ई प्रतिवेदन तयार भई प्रकृया पूरा भएर नगरकार्यपालिकाको वैठकवाट निर्णय गरि आ व ०७५।७६ को उक्त अनुसारको नदीजन्य स्रोतको ठेक्का पटटा वन्दोवस्त नभए सम्मका लागि उपरोक्त अनुसारको ढुगां गिटटी वालुवाको सम्वन्धमा निम्न अनुसारको व्यवस्था, प्रकृया र कार्य अगाडी वढाउने ( मिलाउने ) निर्णय गरियो ।

निम्न

(१) कार्यालयवाट पठाईएको चलानी नं ०४ मिति २०७५।४।३ गतेको पत्र अनुसार नै सवै वडा कार्यालयहरुले साविक अनुसार नै यस आ व को ठेक्का पटटाको वन्दोवस्त नभएसम्म ढुंगा, गिटटी, वालुवा आदिको अनधिकृत रुपमा हुने र हुन सक्ने उत्खनन, संकलन, ढुवानी र निकासी कार्यकार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गरीरहने ।

(२) वडाहरुवाट हाल भई रहेको नियन्त्रणको कार्यवाट भूकम्पको निजी आवाश अनुदान प्राप्त गर्ने लाभग्राहीहरुले निर्माण गर्न लागि रहेको घरमा ढुंगा, वालुवा, गिटटीको अभाव भई निर्माण कार्यमा असहजता उत्पन्न भएको एवम् नगरपालिकावाट स्वीकृत भएका विकास निर्माणका योजनाहरुमा ढुंगा, गिटटी, वालुवाको अभाव भई कार्य प्रभावित हुन गएको एवम् अव तत्काल कार्यान्वयनमा जान लागेको योजनाहरुमो उक्त अनुसारको स्रोत माल वस्तुको अभाव हुने भन्ने व्यापक गुनासो समेत आई रहेको विषयलाई दृष्टिगत गरी सो अनुसारको गुनासोलाई सम्वोधन गर्न वडाहरुले निम्न अनुसारको व्यवस्था गर्ने ( मिलाउने ) :-

(क) उक्त अनुसारको ( भूकम्प लाभग्राहीहरुको नीजि आवाश निर्माण, नगरवासीहरुको भवन निर्माण र नगरपालिकावाट स्वीकृत विकास निर्माण योजनाहरुमा ) कार्यका लागि वडा कार्यालयहरुले नदीको हालको प्राकृतिक गति, अवस्था, वहावमा कुनै अवरोध नपुग्ने गरी , कुनै प्राकृतिक क्षति र कटान नहुने गरी ढुंगा, गिटटी, वालुवा उत्खनन, संकलन, ढुवानी र निकासीमा निम्न अनुसारको दरमा आय रकम संकलन गर्ने र सो रकमलाई नगरपालिकाको नगदी रसीद प्रयोग गरी वडामा आम्दानी वाधेर प्रकृया वमोजिम नगरकार्यपालिकाको कार्यालयमा दाखिला गर्ने गराउने निर्णय गरियो :

निम्न

| सि नं | नदीजन्य पदार्थ र वस्तु | ईकाइ | दर | कैफियत |
|---|---|---|---|---|
| १ | ढुड०गा | प्रति टयाकटर ( २.५ घ.मी को ) | रु ३००/- | तिन सय मात्र। |
| २ | वालुवा | प्रति टयाकटर ( २.५ घ.मी को ) | रु ५००/- | पान्च सय मात्र। |
| ३ | गिट्टी | प्रति टयाकटर ( २.५ घ.मी को ) | रु ५००/- | पान्च सय मात्र। |
| ४ | वालुवा चोकर | प्रति टयाकटर ( २.५ घ.मी को ) | रु ३००/- | तिन सय मात्र। |
| ५ | सोलिड०ग ढुड०गा | प्रति टयाकटर ( २.५ घ.मी को ) | रु ३००/- | तिन सय मात्र। |

(ख) माथि वुदाँ २ (क) अनुसार नदीजन्य पदार्थको उत्खनन र संकलनमा वडा कार्यालयहरुले नियमित अनुगमन गरी हेभि मेशिनहरु ( डोजर, ईस्काभेटर, जेसिवि आदि ) को प्रयोगलाई पूर्णरुपमा नियन्त्रण गर्ने गराउने । यस्तो हेभिमेशिनहरुको प्रयोग गरेको पाईएमा तत्काल नियन्त्रणमा लिई तल वुदाँ नं ४ मा तोकिए वमोजिम जरिवाना गर्ने ।

(ग) वडाले वुदाँ २(क) वमोजिम अनुसार नदीजन्य पदार्थहरुवाट आय संकलन गर्दा गराउदा नदी खोलाको निश्चित स्थान ( विन्दु) निर्धारण गरि ( तोकि ) उक्त निर्धारित स्थानहरुवाट मात्र संकलित वस्तुको विक्री, ढुवानी र निकासी ( नगरपालिकाका ११ वटै वडाहरुमा लैजाने कार्य ) व्यवस्था मिलाउने ।

(३) कुनै व्यक्तिले टयाक्टर, टिपर, ट्रक वा कुनै पनि किसिमको सवारी साधनको प्रयोग गरी सम्वन्धित वडा कार्यालयको अनुमति नलिई ( वुदाँ नं २(क) को व्यवस्थाको ) नदीजन्य पदार्थको अवैधरुपमा उत्खनन, संकलन, ढुवानी वा निकासी गरेमा त्यस्तो सवारी साधनलाई सम्वन्धित वडा कार्यालयले आवश्यकतानुसार नेपाल प्रहरीको सुरक्षा निकायको सहयोग समेत लिई पकाउ गरी निम्न अनुसारको जरिवाना गर्ने ।

**निम्न**

| सि नं | सवारी साधनको किसिम | जरिवाना किसिम | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पहिलो पटक पकाउ परेमा | दोस्रो पटक पकाउ परेमा | तेस्रो पटक पकाउ परेमा | चौथो पटक वा सो भन्दा वढि | |
| १ | ट्याक्टर , पावर टेलर आदि । | रु १०००। सहीत सजग गराएर छाडनें । | रु २०००। सहीत सचेत गराएर छाडने । | रु ५०००। सहीत चेतावनी दिएर छाड्ने । | प्रत्येक पटक रु १००००। जरिवाना गरी ३ दिन सम्म सवारी साधन रोकी राख्ने । | |
| २ | टिपर, ट्रक, मिनि ट्रक आदि । | रु ३०००। सहीत सजग गराएर छाडने । | ५०००। सहीत सचेत गराएर छाड्ने । | रु १००००। सहीत चेतावनी दिएर छाड्ने । | रु २०००० । सहीत ५ दिन सम्म सवारी साधन रोकी राख्ने । | |

(४) माथि वुदाँ नं २ (क) को उलंघन गरी कुनै व्यक्तिले अनधिकृत रुपमा हेभि सवारी साधनहरुको ( डोजर / जेसिवि / एक्साभेटर आदि ) प्रयोग गरी नदीजन्य पदार्थहरुको उत्खनन, संकलन, ढुवानी र निकासी जस्ता कार्यमा प्रयोग गरे वा गराएमा सम्वन्धित वडाले तत्काल त्यस्तो सवारी साधनलाई आवश्यकतानुसार नेपाल प्रहरी सुरक्षा निकायको सहयोग समेत लिई पकाउ गरी निम्न अनुसारको जरिवाना गर्ने । तर आकस्मिक मर्मत सम्भार वा अति आवश्यकीय प्रयोजनको लागि नगरपालिका वडा कार्यालयका वडाअध्यक्षको लिखित स्वीकृती लिएर थोरै परिमाणको उत्खनन र संकलन कार्यमा प्रयोग भएको अवस्थामा यस्तो जरिवाना नलिने ।

**निम्न**

| सि नं | सवारी साधनको किसिम | जरिवाना किसिम | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पहिलो पटक पकाउ परेमा | दोस्रो पटक पकाउ परेमा | तेस्रो पटक पकाउ परेमा | चौथो पटक वा सो भन्दा वढि | |
| १ | डोजर / जेसिवि / एक्साभेटर आदि | रु ५०००। सहीत सजग गराएर छाड्ने | रु १००००। सहीत सचेत गराएर छाड्ने । | रु २००००। सहीत चेतावनी दिएर छाड्ने । | रु ४००००। सहीत ७ दिन सम्म उक्त सवारी साधनलाई रोकि राख्ने । | |

(५) वडाले आय संकलन गर्दा वा जरिवाना गर्दा नगरकार्यपालिका कार्यालयको वडामा प्राप्त नगदी रसिदको प्रयोग गर्ने । र त्यस्तो रसिद प्रयोग गर्दा के वापत रकम प्राप्त भएको हो सो उक्त रसिदमा स्पष्ट खुलाउने ।

(६) माथि उल्लेखित वुदाँहरु वमोजिम ढुंगा, गिटटी, वालुवा आदिको नदीजन्य पदार्थको उत्खनन, संकलन, ढुवानी वा निकासीको कार्यमा वडा समितिले वैठक वसी आवश्यकतानुसार थप प्रकृया र व्यवस्थाको निर्णय गरी कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउने । यसरी निर्णय गर्दा न.का.पा.को वैठकले गरेका उल्लेखित निर्णयहरु नवाभिने गरी सहयोग पुग्ने गरी गर्ने ।

(७) प्रत्येक वडाले आफनो आफनो वडाको उपरोक्त अनुसारको नदीजन्य पदार्थको उत्खनन, संकलन, ढुवानी, निकासी प्रभावकारी अनुगमन र व्यवस्थापन गर्नको लागि वडा अध्यक्षको अध्यक्षतामा नगर कार्यपालिकाको सदस्य, वडा सदस्यहरु र वडा सचिवहरु रहने गरी वडास्तरिय अनुगमन समिति गठन गर्ने । अनुंगमन समितिवाट कडाईका साथ नियन्त्रणात्मक कार्यहरु अगाडी वढाउने । र निर्णय भएका सवै वुदाँहरुको कार्यान्वयन वस्तुगत र पारदर्शी रुपमा सम्पादन गर्ने ।